# सुधार कार्यक्रम कार्यान्वयनको तत्काल कार्ययोजना, २०६०

# **(Immediate Action Plan, 2003)**

२०५७ सालमा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न नेपाल सहायता समूहको वैठकमा श्री ५ को सरकारले पेश गरेको सुधार कार्यक्रमलाई निरन्तरता दिईने प्रतिवद्दता व्यक्त गरिएको थियो भने वैठकका सहभागी दातृ राष्ट्र/संस्थाहरुले पनि सुधार कार्यक्रमको कार्यान्वयन प्रतिको प्रतिवद्दताको आधारमा वैदेशिक सहायतामा कमी नआउने आश्वासन दिएका थिए । सुधारका कार्यक्रमलाई कार्यान्वयन गर्ने विषयमा २०५८ मा नेपालमा पहिलो पटक सम्पन्न भएको नेपाल विकास मंन्चको वैठकमा पनि व्यापक छलफल हुनका साथै तत्कालै श्री ५ को सरकारले सुधारको प्रकृयालाई दृढतापूर्वक अगाडी बढाउनु पर्ने कुरामा मन्चका सहभागिहरुको एकमत रहेका परिप्रेक्ष्यमा सुधार कार्यक्रम कार्यान्वयनको तत्काल कार्यायोजना तर्जुमा गरिएको थियो ।

विशेषतः वर्तामान वित्तीय संकटको सन्दर्भमा प्राथामिकीकरण, सार्वजनिक सेवाको गुणस्तर र नीतिगत सुधारका कार्यहरुको सन्दर्भमा कार्यान्वयन र फजुल खर्च घटाउने र भ्रष्ट्राचार हटाउने एवं जनविश्वास बढाउन आवश्यक भएको सन्दर्भमा जवाफदेहिता समेत गरी ३ समूहमा विभिन्न १९ कार्यक्रम (Action) हरु समावेश गरी तयार भएको कार्य योजना २०५९ जेष्ठ २० गते श्री ५ को सरकार (मन्त्रिपरिषद) ले स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो ।

खासगरी दशौं योजना/गरीवी घटाउने रणनीति पत्रको स्वीकृति पछि दशौं योजनाले तोकेका प्राथमिकताका क्षेत्रहरुलाई समेत समावेश गर्नका अतिरिक्त तत्कालीक सुधार कार्य योजना, २०५९ कै निरन्तर कार्यान्वयनको क्रममा श्री ५ को सरकार र दातृ राष्ट्र/संस्थाहरु वीच विभिन्न चरणमा छलफल भई तत्काल कार्य योजना, २०६० तयार भएको छ ।

यो कार्ययोजनालाई दशौं योजनामा कायम गरिएका ४ रणनीतिहरुः (क) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, (ख) सामाजिक क्षेत्र एवं ग्रामीण पूर्वाधार विकास, (ग) लक्षित कार्यक्रम र (घ) सुशासन समेतको समूहमा पर्ने गरी २४ वटा कार्यक्रम (Actions) हरु कार्यान्वयन गर्न प्रस्ताव गरिएका छन ।

यस कार्ययोजनामा समावेश गरिएका कार्यक्रमहरुलाई तत्काल कार्यान्वयनमा ल्याउन जरुरी छ । यस कार्ययोजनाको कार्यान्वयनवाट दातृ राष्ट्र/संस्था तथा विकासका अन्य साझेदारहरुलाई समेत सहभागि गराउदै सुधार प्रयाशमा तीव्रता ल्याउन, सार्वजनिक सेवालाई प्रभावकारी र गरीवी निवारणमा सहयोगी वनाउन र वर्तमान आर्थिक तथा वित्तीय संकटको सामना गरी मुलुकमा शान्ति र अमन चयन कायम राख्न थप मद्दत पुग्ने विश्वास गरिएकोछ ।

# श्री ५ को सरकार
# तत्काल कार्ययोजना, २०६०

| कार्यक्रम | कार्यक्रमहरु | अनुगमन सूचकाङ्क | समय सीमा | प्रतिफल | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| **स्तम्भ १ : उच्च, दिगो एवं फराकिलो आधार भएको आर्थिक वृद्धि, समष्टीगत सार्वजनिक खर्च व्यवस्थापन** | | | | | |
| १. | • वजेट प्रणालीलाई प्रतिफल - केन्दित तुल्याई सरकारी लगानीको प्राथमिकीकरणमा सुधार ल्याउन मध्य कालिन खर्च सरंचनाको पूर्ण कार्यान्वयन गर्ने ।<br>• मध्य कालिन खर्च संरचनालाई सवै मन्त्रालयमा विस्तार गर्ने र चालू एवं पूँजीगत खर्च अवधारणाको प्रयोग गर्ने । | • सवै मन्त्रालयहरुमा मध्यकालिन खर्च सरचना विस्तारित हुने र विकास वजेटमा पहिलो प्राथमिकता प्राप्त (Priority 1) आयोजनाहरुको लागि विनियोजन उल्लेखनीय रुपमा वृद्धि हुने (कम्तिमा ६५% सम्म) ।<br>• चालु एवं पूजिगत वर्गिकरणको आधारमा कूल वजेट रकम प्रदर्शित हुने र वजेट (रातो किताव) मा अनुसूचिको रुपमा प्रकाशित गरिने । | आषाढ २०६०<br>आषाढ २०६० | • प्राथमिकता प्राप्त खर्चमा वृद्धि ।<br>• प्राथमिकता प्राप्त आयोजनाको लागि स्रोत को सुनिश्चितता ।<br>• लगानी र प्रतिफलका विच स्पष्ट सम्वन्ध स्थापित हुने ।<br>• गरिबी निवारणमा योगदान दिने पहिलो प्राथमिकताका आयोजनाहरुको लागि श्रोतको उपलव्धता रहने । | राष्ट्रिय योजना आयोग /अर्थ मंत्रालय |
| २. | उच्च प्राथमिकता प्राप्त आयोजनाहरुको लगानीमा पारदर्शिता ल्याउने । सवै पहिलो प्राथमिकता प्राप्त आयोजनाहरु (आर्थिक वर्ष २०६०।०६१) वार्षिक कार्यक्रम (रातो किताव) मा प्रकाशित गरिनेछ । यो प्रकाशन कार्य सम्पादनमा आधारित कोष प्रवाहको आधार हुने छ । | • सवै पहिलो प्राथमिकता प्राप्त आयोजनाहरु रातो कितावमा प्रकाशित गरिने ।<br>• सवै पहिलो प्राथमिकता प्राप्त आयोजनाको वार्षिक कार्यक्रम सार्वजनिक गरिने । | आषाढ २०६०<br>भाद्र २०६० | • वजेट प्रवाह कार्यसम्पादन संग आवद्ध हुने ।<br>• वजेट वाडँफाडँमा पारदर्शिता सुनिश्चित हुने ।<br>• गरीवी निवारण रणनीतिपत्र (प्रथम वर्ष) को कार्यान्वयन । | राष्ट्रिय योजना आयोग/अर्थ मन्त्रालय |
| कृषि | | | | | |
| ३. | मध्य तथा सुदूर पश्चिमाञ्चल जिल्लाहरु का उपयुक्त क्षेत्रमा गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरुको सहयोगमा वा करारमा एकीकृत कीट व्यवस्थापन (Integrated Pest Management - IPM) गर्न ५० कृषक फिल्ड स्कूलको संचालन गरिनेछ । | • एकीकृत कीट व्यवस्थापनको पहुँचमा ३५ अधिकृत प्रशिक्षित हुने ।<br>• एकीकृत कीट व्यवस्थापनको पहुँचमा १२५० कृषकहरु प्रशिक्षित हुने ।<br>• वार्षिक ५० वटा कृषक फिल्ड स्कूलको स्थापना हुने । | आश्विन २०६०<br>पुष २०६०<br>माघ २०६० | • कार्यान्वयन तहमा एकीकृत कीट व्यवस्थापन पहुँचको प्रभावकारी कार्यान्वयन हुनेछ ।<br>• वाली उत्पादन एवं उत्पादकत्वमा वृद्धि हुनेछ ।<br>• प्रशिक्षित कृषकहरुले आई.पि.एम.(IPM) फिल्ड स्कुल संचालन गर्नेछन | कृषि तथा सहकारी मन्त्रालय |
| ४. | भूमिगत जल व्यवस्थापन कार्यक्रम हाल संचालित ९ जिल्लावाट विस्तार गरी २० जिल्लामा पुऱ्याइनेछ । | • ३० अधिकृतहरु प्रशिक्षित हुने,<br>• ५४०० कृषकहरु कृषि फिल्ड स्कूल (FFS) मा संलग्न हुने,<br>• भूमिगत जल व्यवस्थापन कार्यक्रम २० जिल्लामा विस्तार हुने । | आश्विन २०६०<br>पौष २०६०<br>आश्विन २०६० | • कार्यान्वयन तहमा कृषक फिल्ड स्कूल (Farmer Field School) को कार्यान्वयन दक्ष जनशक्तिले गर्नेछन् ।<br>• वाली उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ ।<br>• सिचाई सुविधामा वृद्धि हुनेछ । | कृषि तथा सहकारी मंत्रालय र जलश्रोत मंत्रालय (सिचाइ विभाग र कृषि विभाग) |

| कार्यक्रम | कार्यक्रमहरु | अनुगमन सूचकाङ्क | समय सीमा | प्रतिफल | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ५. | ६ जिल्लाहरु (जस मध्ये कम्तीमा ४ जिल्ला मध्य तथा सुदुर पश्चिमका) मा कृषकहरुको लागि कृषि कोषको स्थापना गरिनेछ । | • स्थानीय प्रयाश कोष (Local Initiative Fund) र जिल्ला विस्तार कोष (District Extension Fund) कार्यान्वयनका लागि मार्गनिर्देशनहरु तयार एवं स्वीकृत गरिने ।<br>• जिल्ला कृषि विकास कोष र संस्थागत संरचना स्थापना हुने,<br>• कम्तीमा २० वटा कृषक समूहवाट जिल्ला कृषि विकास समितिले चयन गरेका प्रतिनिधिहरुलाई स्थानीय प्रयास कोष प्रयोग सम्वन्धमा परिचयात्मक तालिम दिईने ।<br>• जिल्ला कृषि विकास कोष प्रयोग सम्वन्धमा १० सामुदायिक संस्था/गैरसरकारी सस्था/निजी क्षेत्रका संगठनहरुलाई परिचायात्मक तालिम दिइने ।<br>• जिल्ला विकास समिति तथा सम्वन्धित निकायका २५% कर्मचारीलाई स्थानीय प्रयाश कोष र जिल्ला विस्तार कोष सम्वन्धी तालिम दिइने ।<br>• प्रत्येक जिल्लाका कम्तीमा १० कृषक समूहले स्थानीय प्रयाश कोष को प्रयोग गर्नेछन ।<br>• प्रत्येक जिल्लाका कम्तिमा ३ संगठनहरुले कायक्रम संचालनका लागि जिल्ला विस्तार कोष को प्रयोग गर्नेछन् ।<br>• प्रत्येक जिल्लामा स्थानीय प्रयाश कोष र जिल्ला विस्तार कोष कार्यान्वयनमा एक सहभागितात्मक अनुगमन तथा मूल्याकंन संचालन गरिने । | कार्तिक २०६०<br>पुस २०६०<br>पुस २०६०<br>माघ २०६०<br>माघ २०६०<br>चैत्र २०६०<br>चैत्र २०६०<br>आषाढ २०६१ | • वाली विविधीकरण र सघनतामा वृद्धि हुने छ ।<br>• गरिव जनताहरुको आर्थिक अवस्थामा सुधार आउने छ । | कृषि तथा सहकारी मन्त्रालय |
| ६. | सिचाई नियम २०५७ लाई संशोधन गरी पानी उपभोक्ताहरुवाट सिचाई सेवा शुल्क (Irrigation Service Fees) संकलन गर्न पानी उपभोक्ता संस्थाहरुलाई कानूनी अधिकार प्रदान गर्ने । | • सिचाई नियम २०५७ लाई संशोधन गरी सिचाई विभाग एवं पानी उपभोक्ता संघहरु वीच ( राष्ट्रिय संघ मार्फत) छलफल गरिने ।<br>• उपभोग शुल्क लगाउन र उठाउन पानी उपभोक्ता संघको सशक्तिकरण हुने । | भाद्र २०६० | • पानी उपभोक्ता संघहरु उपभोग शुल्क लगाउन तथा उठाउन सक्षम हुनेछन ।<br>• सिचाई प्रणाली तथा सुविधाहरुको स्वामित्व सुनिश्चित हुनेछ ।<br>• उपभोक्ताहरुको सहभागिता बढने छ ।<br>• उत्पादकत्वमा वृद्धि हुने छ ।<br>• सरकारी खर्चमा कमी हुनेछ<br>• जलश्रोतको मितव्ययी प्रयोग हुनेछ । | जलश्रोत मंत्रालय (सिचाई विभाग) |
| **सार्वजनिक संस्थानहरुको औचित्यता** | | | | | |
| ७. | २०५९ पौष २ गते को मन्त्रीपरिषद्को निर्णय अनुसार सवै सार्वजनिक संस्थानहरुको संचालक समिति लाई दक्ष व्यवसायिकहरु द्धारा पुर्नसरचंना गर्ने । | २०५९ सालमा अर्थ मन्त्रालयवाट प्रकाशित संस्थानहरुको लक्ष्य र प्रगति सम्वन्धी पुस्तीका (पहेलो किताव) मा सूचीकृत संस्थानहरुको संचालक समितिको पुर्नसरचना मन्त्रीपरिषद्को निर्णयानुसार गरिने (प्रत्येक संचालक समिति मा ५ जना भन्दा वढी सदस्य नरहने (अध्यक्ष, महाप्रवन्धक, अर्थ मन्त्रालय एवं सम्वन्धित मन्त्रालयका प्रतिनिधि र एक जना सम्वन्धित क्षेत्रका विशेषज्ञ), अध्यक्ष तथा महाप्रवन्धकको चयन मंत्री परिषद् को निर्णयानुसार स्वीकृत प्रक्रियाको आधारमा गरिने । | आश्विन २०६० | सार्वजनिक संस्थानहरुको व्यवसायिक व्यवस्थापनले संस्थानहरुको कार्य सम्पादनमा सुधार ल्याउनका अतिरिक्त वजेटमा सकारात्मक असर पर्नेछ । | मंत्री परिषद् सचिवालय /अर्थ मन्त्रालय |

| कार्यक्रम | कार्यक्रमहरु | अनुगमन सूचकाङ्क | समय सीमा | प्रतिफल | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ८. | निक्षेपकर्ताहरुलाई छलकपट वा गैर जिम्मेवार वैकिङ्ग प्रथावाट जोगाउन एवं वित्तिय प्रणालीको सदाचार लाई जोगाउन बैक एवं वित्तीय संस्था ऐन/अध्यादेश पारित/जारी गर्ने । | • ऐन/अध्यादेश जारी गरिने ।<br>• एने/अध्यादेशको तुरुन्त प्रभावकारी कायान्वयन गरिने । | आश्विन २०६० | वित्तीय प्रणालीको सदाचार लाई जोगाउनेछ । | नेपाल राष्ट्र वैक/ अर्थ मंत्रालय |
| पूर्वधार विकास | | | | | |
| ९. | सडक वोर्ड क्रियाशिल तुल्याउने एवं पहिलेका वार्षिक वजेटहरुद्धारा अख्तियार प्राप्त भए वमोजिमको विशेष इन्धन शुल्क प्रवाहित गरिने । बार्षिक मर्मत सम्भार योजना सडक निकायहरुवाट प्राप्त गरिने छ र सडक वोर्डवाट समीक्षा गरिनेछ । | • वार्षिक मर्मत सम्भार योजना तयार गरिने ।<br>• इन्धन शुल्क लगाइने ।<br>• सडक वोर्डलाई क्रियाशील तुल्याइने । | श्रावण २०६० | • सार्वजनिक कोषमाथिको भार कम हुनेछ ।<br>• सडकहरुको सामयिक मर्मतद्धारा गुणस्तरमा वृद्धि हुनेछ ।<br>• ३ वर्षको कार्यद्धारा रणनीतिक सडक सजालको ९०% राम्रो अवस्थामा हुने र ग्रामिण सडकको ५०% राम्रो अवस्थामा हुने ।<br>• सडक वोर्डले कार्य सम्पादन एवं वित्तिय लेखापरीक्षणको वार्षिक प्रतिवेदन प्रकाशित गर्नेछ । | भौतिक योजना तथा निर्माण मंत्रालय (सडक विभाग)/अर्थ मंत्रालय |
| समष्ठिगत सार्वजनिक खर्च व्यवस्थापन | | | | | |
| १०. | स्थानीय उपभोक्तालाई विद्युत वितरण गर्ने जिम्मेवारी नेपाल विद्युत प्राधिकरणवाट २५ सहकारी/उपभोक्ता समूह/निजी संस्थालाई हस्तान्तरण गरिनेछ । | • विद्युत वितरण सम्वन्धी नेपाल विद्युत प्राधिकरणको विनियमको नेपाल विद्युत प्राधिकरण वोर्ड द्धारा स्वीकृति गर्ने ।<br>• विद्युत वितरण लाई ग्रामिण क्षेत्रका २५ सहकारी संस्था/उपभोक्ता समूह/ निजी संस्था हरुमा हस्तान्तरण गर्ने एवं हस्तान्तरण सम्झौता सम्पन्न गर्ने । | आश्विन २०६० | • उपभोक्ताहरुको संख्या वृद्धि हुनेछ ।<br>• अप्राविधिक चुहावटमा कमी हुनेछ ।<br>• लोड फ्याक्टरमा सुधार हुनेछ ।<br>• संचालन एवं मर्मत खर्चमा कमी हुनेछ ।<br>• सेवाको विश्वस्नीयतामा सुधार आउनेछ ।<br>• ग्रामीण विद्युतीकरणमा वृद्धि हुनेछ ।<br>• नेपाल विद्युत प्राधिकरण र श्री ५ को सरकारको भार कम हुने । | जलश्रोत मन्त्रालय (नेपाल विद्युत प्राधिकरण ) |
| स्तम्भ २ : सामाजिक क्षेत्र र ग्रामिण पूर्वाधारको विकास (स्वास्थ्य , शिक्षा, खानेपानी एवं सरसफाई) | | | | | |
| स्वास्थ्य | | | | | |
| ११. | अत्यावश्यक स्वास्थ्य सेवा कार्यक्रम (Essential Health Service Programme) को कार्यान्वयन :<br>• मातृशिशु स्वास्थ्य कार्यकर्ताको अ.न.मि. मा स्तर वृद्धि ।<br>• उप-स्वास्थ्य चौकी भवन निर्माण,<br>• जापनीज इन्सेफ्ल्याइटिस विरुद्ध खोप दिने ।<br>• उप स्वास्थ्य चौकी हस्तान्तरण । | • ५०० मातृशिशु स्वास्थ्य कार्यकर्तालाई अ.न.मि. मा स्तरवृद्धि गरिने ।<br>• २५० उप स्वास्थ्य चौकी भवन को निर्माण गरिने ।<br>• २५०००० व्यक्तिलाई खोप दिइने ।<br>• ५०० उप स्वास्थय चौकीको व्यवस्थापन समुदायले गर्ने । | जेष्ठ २०६२<br><br>जेष्ठ २०६२<br>जेष्ठ २०६१<br>जेष्ठ २०६१ | • श्री ५ को सरकारको स्वास्थ्य क्षेत्र रणनीतिको कार्यान्वयनका लागि श्री ५ को सरकारको स्वास्थ्य क्षेत्रमा लगानी वढन जाने एवं स्वास्थ्य क्षेत्रका दाताहरुको श्रोत प्रतिवद्धतामा वृद्धि हुन जानेछ ।<br>• स्वास्थ्य मन्त्रालयको केन्द्रीय, क्षेत्रीय एवं जिल्लास्तरका अधिकारीहरुको भूमिकामा परिवर्तन हुन गई स्थानीय गैर सरकारी संस्थानहरु/निजी संस्थाहरु संगको साझेदारी द्धारा विकेन्द्रीत सेवा प्रवाह हुन जानेछ ।<br>• सेवा प्रवाह, योजना तथा कार्यक्रम कार्यान्वयन तहमा मानव श्रोत व्यवस्थापनको सुदृढीकरण एवं विकास । | स्वास्थ्य मंत्रालय |

| कार्यक्रम | कार्यक्रमहरु | अनुगमन सूचकाङ्क | समय सीमा | प्रतिफल | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १२. | उपस्वास्थ्य चौकीलाई गाउ विकास समिति/जिल्ला विकास समिति द्वारा सहयोग प्राप्त स्थानीय व्यवस्थापन समिति लाई हस्तान्तरण गर्ने कार्यक्रम लाई तत्काल कार्य योजना २०५९ मा रहेका जिल्लाहरुका अतिरिक्त थप १० जिल्ला (द्वन्द प्रभावित जिल्लाहरु) हरुमा विस्तार गर्ने । | • स्थानीय व्यवस्थापन समिति मार्फत स्वास्थ्य सुविधा उपलब्ध भएका जिल्लाहरु वढने ।<br>• कम्तिमा २० जिल्लाका उपस्वास्थ्य चौकिहरुमा स्थानीय स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समितिले कार्य गर्ने ।<br>• उपस्वास्थ्य चौकिहरुमा सेवामा स्तर वढने । | जेष्ठ, २०६१ | • वित्तिय श्रोतको उपलब्धता वृद्धि हुनेछ ।<br>• स्वास्थ्य सेवा प्रदान हुने तहमा स्वास्थ्य सेवाको व्यवस्थापन सुधार हुनेछ ।<br>• सेवाग्राहीको सन्तुष्टि स्तरमा सुधार आउनेछ ।<br>• गरीवले आवश्यक स्याहार प्राप्त गर्नेछन ।<br>• स्वास्थ्य सुविधाहरुको बढ्दो उपयोग ।<br>• सेवा प्रदानमा नियमितता आउने ।<br>• सेवादायी निकायमा हुने कर्मचारी अनुपस्थितिमा कमी आउने । | स्वास्थ्य मन्त्रालय |
| शिक्षा : | | | | | |
| १३. | ६०० विद्यालयलाई सामुदायिक व्यवस्थापनमा हस्तान्तरण (अधिकांश प्राथमिक, तर निम्न माध्यमिक र माध्यमिक विद्यालयलाई समेत समावेश गर्न सकिनेछ) | • ६०० विद्यालयहरुलाई विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरिनेछ र यी विद्यालयहरुले श्री ५ को सरकारवाट नियमित अनुदान प्राप्त गर्ने ।<br>• यी विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिले शिक्षकको नियुक्ति गर्दा अपनाउनु पर्ने आधारहरु विकास गरिने ।<br>• समुदायलाई हस्तान्तरण गरिएका विद्यालयहरुको संख्या वढने । | चैत्र २०६० | • सवै विद्यार्थीहरुलाई पर्याप्त ठाउँ तथा अन्य भौतिक सुविधाहरु एवं प्रभावकारी व्यवस्थापनद्धारा गुणस्तर युक्त शिक्षाको लाभको प्रत्याभूति हुनेछ ।<br>• विद्यालयको व्यवस्थापनमा समुदायको वढदो नियन्त्रण सुनिश्चित हुनेछ ।<br>• शिक्षाको गुणस्तर वृद्धि हुनेछ । | शिक्षा तथा खेलकुद मन्त्रालय |
| १४. | ३१५० सामुदायिक प्राथमिक विद्यालयलाई शिक्षा नियमावली वमोजिम निर्धारित (तराईका लागि ५५ विद्यार्थीका लागि १ शिक्षक, पहाडी क्षेत्रका लागि ४५ विद्यार्थीका लागि एक शिक्षक, हिमाली क्षेत्रका लागि ३५ विद्यार्थीका लागि १ शिक्षक) शिक्षक संख्याको आधारमा शिक्षकको तलव खर्चको २५% रकम प्रदान गरिनेछ । | २५% अनुदान प्राप्त गर्ने सामुदायिक प्राथमिक विद्यालयको संख्या । | २०६०/६१ | लागत प्रभावी, प्रभवकारी व्यवस्थापन एवं गुणस्तरीय शिक्षा । | शिक्षा तथा खेलकुद मन्त्रालय / अर्थ मन्त्रालय |
| १५. | २१ वटा जिल्लाका विद्यालयहरुमा प्राथमिक विद्यालय पोषण कार्यक्रम सम्वन्धी जिम्मेवारी जिल्ला शिक्षा अधिकरीलाई हस्तान्तरण गर्ने र ४,५०,००० केटाकेटीको विद्यालय पोषणलाई विद्यालय व्यवस्थापनको अभिन्न विषय वनाउने । | ४,५०,००० विद्यार्थी वालवालिकाले खाजा प्राप्त गर्ने । | पुष २०६० | • वालवालिकाले कार्यक्रमवाट लाभ प्राप्त गर्नेछन् ।<br>• विद्यार्थी भर्ना सख्यामा वृद्धि हुने ।<br>• विद्यालय छाडने दरमा कमी आउनेछ । | शिक्षा तथा खेलकुद मन्त्रालय |

| कार्यक्रम | कार्यक्रमहरु | अनुगमन सूचकाङ्क | समय सीमा | प्रतिफल | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| **स्तम्भ ३ : सामाजिक समाहिकरण र लक्षित कार्यक्रमहरु** | | | | | |
| १६. | एक स्वायत्त एवं जवाफदेही गरिबी निवारण कोष ( Poverty Alleviation Fund) पूर्ण रुपमा संचालनमा आउने | • कोषलाई पूर्ण स्वायत्तता प्रदान गरी आत्मनिर्भर, लचकतापूर्वक एव प्रभावकारी रुपमा संचालन गर्न एक व्यवसायिक सचिवालयको स्थापना गर्न एक विधान तयार हुने ।<br>• ऐन निर्माण हुने । | पुस २०६० | • गरीवी निवारण कार्यक्रम तथा आयोजनाहरु समन्वित हुनेछन् ।<br>• गरीवको लागि आयोजना तथा कार्यक्रमहरुको लागि प्रर्याप्त श्रोत साधनको सुनिश्चितता हुने । | राष्ट्रिय योजना आयोग ⁄अर्थ मंत्रालय⁄ स्थानीय विकास मंत्रालय |
| १७. | निजामती सेवाको माथिल्लो तहमा महिला, जनजाति तथा दलित समुदायको सहभागिता वढाउन सकारात्मक कार्य नीति तथा कार्यक्रमहरु स्वीकृत एवं कार्यान्वियन गरिनेछ । | • २५० महिला ⁄ दलित⁄ जनजाति स्नातक लाई प्रशिक्षण दिइने ।<br>• ५०० अण्डर ग्र्याजुअेट महिला⁄ जनजाति⁄ दलित लाई प्रशिक्षण दिइने । | श्रावण २०६१ | • निजामती सेवामा महिला, दलित, जनजातिको संख्या वढनेछ ।<br>• महिला, दलित, जनजातिको सशक्तिकरण हुनेछ ।<br>• महिला, दलित, जनजातिको निर्णय गर्ने तहमा पहुँच वढनेछ<br>• महिला, दलित, जनजाति लाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गरिनेछ । | सामान्य प्रशासन मंत्रालय ⁄ महिला बालबालिका तथा समाज कल्याण मंत्रालय⁄ स्थानीय विकास मंत्रालय |
| १८. | मध्य तथा सुदुर पश्चिममा सार्वजनिक खर्चमा वृद्धि गरिनेछ एवं एक उपयुक्त अनुगमन प्रणालीको विकास गरिनेछ । | • विनियोजनमा वृद्धि हुने ।<br>• राष्ट्रिय योजना आयोगको कार्यक्रम पुस्तिका भाग २ (जिल्लास्तर) सार्वजनिक गरिनेछ ।<br>• जिल्ला कोष एवं लेखा नियन्त्रक कार्यालयहरुको कोषको एवं प्रवाहमा वृद्धि । | श्रावण २०६० | • जनताको सामाजिक आर्थिक अवस्थामा सुधार हुने ।<br>• सेवा प्रवाहमा सुधार हुनेछ । | राष्ट्रिय योजना आयोग |
| **स्तम्भ ४ : सुशासन , (भ्रष्टाचार निवारण⁄पारदर्शिता)** | | | | | |
| १९. | बैंकको (रा.वा.वैक र ने.वै.लि.का) साँबा व्याज नबुझाउने प्रमुख कृणीहरु (Defaulters) र महालेखा परीक्षकको प्रतिवेदनमा औल्याइएका मस्यौट⁄हिनामिना (Embezzlement) मा संलग्न पक्ष विरुद्ध कानूनी कारवाही गरिने, | • पमुख ऋण नर्तिने ऋणीहरुको नाउँ सार्वजनिक गरिने ।<br>• घटना⁄कारवाहीका परिणामहरु राष्ट्रिय दैनिकहरुमा प्रकाशित गरिने ।<br>• महालेखा परिक्षकको प्रतिवेदनमा औल्याइएका मस्यौट ⁄ हिनामिनामा सलंग्न भएकाहरु विरुद्ध कानूनी कारवाही शुरु गरिने । | अश्विन २०६० | • ऋण नतिर्नेहरुको संख्यामा कमी आउनेछ ।<br>• राष्ट्रिय वाणिज्य वैंक र नेपाल वैंक लीमिटेड को वित्तिय स्थितिमा सुधार आउनेछ ।<br>• अनियमिततामा कमी आउनेछ ।<br>• खर्चको उत्पादकत्व वढ्ने र सेवा प्रवाहमा सुधार आउनेछ,<br>• वित्तिय क्षेत्र वढी सशक्त हुनेछ । | नेपाल राष्ट्र बैक, विभिन्न मंत्रालयहरु र अख्तियार दुरुपयोग अनुसन्धान आयोग |

| कार्यक्रम | कार्यक्रमहरु | अनुगमन सूचकाङ्क | समय सीमा | प्रतिफल | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| सुशासन , विकेन्द्रीकरण | | | | | |
| २०. | वित्त विकेन्द्रीकरण संरचना विकसित गरी आर्थिक वर्ष २०६०।६१ देखि कार्यान्वयन शुरु गरिनेछ । जस अन्तर्गत स्थानीय सरकारले संचालन गर्ने गरीवी निवारण कार्यक्रमका लागि सशर्त/विनाशर्त अनुदान प्रवाहित गरी स्थानीय निकाय वित्त आयोगको क्षमता अभिवृद्धि गर्ने कार्य संलग्न रहनेछ । | • सरचंना तयार हुने ।<br>• स्वास्थ्य, कृषि, शिक्षा र पूर्वाधारमा स्थानीय निकायलाई सशर्त/विनाशर्त अनुदान प्रवाहित हुने ।<br>• गरीवीका सन्दर्भमा संवेदनशिल जिल्ला विकास समिति अनुदान सूत्रको कार्यान्वयन हुने ।<br>• स्थानीय निकाय वित्त आयोगको सचिवालयले कार्य शुरु गर्ने । | भाद्र २०६०<br>भाद्र २०६०<br>पुष २०६०<br>पुष २०६० | वढी श्रोत साधन प्रवाह तथा वित्त विकेन्द्रीकरणको माध्यमद्धारा स्थानीय निकायको सशक्तिकरण हुने छ । | स्थानीय विकास मन्त्रालय/अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोग |
| २१. | स्थानीय स्वायत्त शासन नियमावलीमा व्यवस्था भए वमोजिम पर्यटन शुल्क सम्वन्धित जिल्ला विकास समितिसँग वाडँफाडँ गरिनेछ । | • पर्यटन शुल्क वाडँफाडँको घोषणा आर्थिक वर्ष २०६१।६२ को वजेटद्धारा गरिने ।<br>• जिल्ला विकास समिति संग वाडँफाडँ गरिने विभिन्न पर्यटन शुल्कको पहिचान गरिने ।<br>• शुल्क वाडफाडँका सम्वन्धमा आवश्यक खाताको संचालन लगायत एक भन्दा वढी जिल्ला विकास समिति सलंग्न रहेकोमा वाडँफाडँको सूत्र तयार गरी एक स्पष्ट कार्यदिशा स्थापित हुने ।<br>• जिल्ला विकास समितिले कोष प्राप्त गर्ने सुनिश्चितताका लागि एक अनुगमन प्रणालीको स्थापना हुने । | श्रावण २०६१ | स्थानीय विकास कार्यक्रमका लागि जिल्ला विकास समितिहरुले आफ्नै राजश्व आधारवाट राजश्व प्राप्त गर्ने छन । | स्थानीय विकास मन्त्रालय / संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय |
| २२. | एक स्थानीय निकाय सेवा आयोगको स्थापना गरिने र आर्थिक वर्ष २०६०।६१ देखि कार्यान्वियन शुरु गरिनेछ । | • मस्यौदा आधार पत्र तयार गरिने ।<br>• विकेन्द्रीत कार्यसग सम्वन्धित कर्मचारीहरु स्थानीय निकाय प्रति पूर्ण रुपमा जिम्मेवार रहने ।<br>• कानून स्वीकृत गरिने । | श्रावण २०६०<br>श्रावण २०६०<br>श्रावण २०६१ | स्थानीय तहमा योग्य कर्मचारी हुनेछन । | स्थानीय विकास मन्त्रालय |
| अन्य पक्षहरु | | | | | |
| २३. | मानव अधिकारको स्थितिमा सुधार ल्याउन मानव अधिकार कार्य योजना तयार गर्ने र सो कार्य योजना कार्यान्वयन गर्न आवश्यक रकम को व्यवस्था गरिनेछ । | • राष्ट्रिय मानव अधिकार कार्ययोजना तयार हुने ।<br>• आवश्यक रकमको व्यवस्था मिलाइने । | भाद्र २०६० | • जनताको मानवअधिकार सुरक्षित हुनेछ ।<br>• रा.मा.अधिकार आयोगको कार्यसंचालन दक्ष एवं प्रभावकारी हुनेछ । | मंत्रीपरिषद सचिवालय /अर्थ मंत्रालय/राष्ट्रिय मानव अधिकार आयोग / गृह मंत्रालय |
| | | | | | |
| २४. | प्रहरी सुधारका लागि एक स्वायत्त प्रहरी आयोगको स्थापना गरी व्यवसायिक आधुनिक प्रहरी वलको संचालन गर्ने | • कानून तर्जुमा गरिने ।<br>• प्रहरी सेवा आयोगको गठन गरिने । | आश्विन २०६०<br>श्रावण २०६१ | नेपाल प्रहरी नेपाल प्रहरी सेवामा परिवर्तन हुनेछ र सामुदायिक प्रहरीको अभ्यास शूरु हुनेछ | गृह मन्त्रालय |